# सामुदायिक वनको सफलताको कथाः पल्लो पाखा सामुदायिक वनको अनुभव

■ तारा भट्टराई
■ राजु विक्रम शाह

पल्लो पाखा सामुदायिक वन उपभोक्ता समूह (सा.व.उ.स.) बाग्लुङ जिल्लाको दक्षिणी भेगको कुश्मीशेरा रेन्जपोष्ट अन्तरगत कुश्मीशेरा गा.वि.स. वार्ड नं. ३ र ६ मा पर्दछ । यो सा.व.उ.स. वि.स. २०५१ सालमा सामुदायिक वन ऐन २०४९ अन्तरर्गत समूहलाई हस्तान्तरण भएको हो । यस सामुदायिक वनमा ८४ घरधुरी उपभोक्ताहरू आबद्ध छन, जसमा ब्राहाण जातिको बाहुल्यता छ । ९.३६ हेक्टरमा फैलिएको सामुदायिक वनमा मुख्यगरी साल, चिलाउने र तिजु पाइन्छन् । यसले वि. सं. २०५८ सालमा गणेशमान प्रतिष्ठानबाट सामुदायिक वन संरक्षण/व्यवस्थापन क्षेत्रमा राष्ट्रिय स्तरमा दोस्रो पुरस्कार प्राप्त गरेको थियो ।

यो वन सामुदायिक बन्नु धेरै अघि (वि.स.२०३१) देखि नै गाउँलेहरूको आफ्नै पहलमा संरक्षण हुँदै आएको थियो । गाँउलेहरूले वन संरक्षणको निम्ति माना पाथी अन्न उठाएर एउटा वन हेरालोको व्यवस्था गरी वन संरक्षण गर्दै आएका थिए ।[२] २०४६ सालको बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भएपछि एउटा वन संरक्षण समिति गठन गरियो र यस समितिलाई वन सम्बन्धी निर्णय गर्ने अधिकार पनि दिइयो । समिति स्थापना भएको पहिलो वर्षमा केही शुल्क तिरेर गाउँलेहरूबाटै दाउरा घाँस काट्ने व्यवस्था मिलाइयो । यसो गर्दा १५।२० हजार रूपैया कोषमा जम्मा भयो । यस पैसाले सामाजिक कार्यहरू जस्तैः विवाह, व्रतवन्ध, भोज जस्ता विभिन्न सामाजिक अवसरहरूमा प्रयोग गर्न केही भाँडावर्तनहरू किने । यसपछिको केही समयमा कोषमा १ लाख रूपैयाँ जम्मा भयो । कोषमा जम्मा भएको पैसाले के काम गर्ने भनी समूहमा छलफल गर्दा केही पैसा देशका विभिन्न ठाउँमा रहेका सामुदायिक वनहरूमा भ्रमण गर्ने काममा खर्च गर्ने निर्णय गरे । भ्रमणका लागि बाग्लुङ जिल्ला वन कार्यालयको सहयोगमा सो समूहका केही सदस्यहरूले धनकुटा, इलाम, महोत्तरीका विभिन्न सामुदायिक वनहरूको स्थलगत भ्रमण गरे । यी तीन जिल्लाका सामुदायिक वनहरूको अवलोकन पश्चात् खासगरी त्यहाँका केही सामुदायिक वनहरूको व्यवस्थापन, त्यहाँका उपभोक्ताहरूको जाँगर र उनीहरूले आफ्नै गाँउमा बसेर गरेका अनुकरणीय काम तथा आफ्नो जीवनयापन सजिलो बनाउन गरेका विभिन्न प्रयासहरूबाट भ्रमणमा गएका सदस्यहरूलाई हौसला जाग्यो । भ्रमणबाट फर्केपछि आफ्ना साना बालबच्चाहरूलाई धेरै टाढा स्कूल पठाउन नपरोस् भनेर स्थानीय उपभोक्ताहरूले सा.व.उ.स सँग भएको केही पैसाले स्कूल खोल्ने निर्णय गरे । सोही अनुसार भवन निर्माण कार्य समेत सम्पन्न गरे । भवन निर्माण गर्दा त्यहाँका ८४ घरधुरी उपभोक्ताहरू लाइनमा बसी खोलाको ढुङ्गा स्कूल बनाउने ठाउँमा जम्मा गरेका थिए । हाल आएर समूहको कोषबाट स्कूलमा १ जना महिला शिक्षिका र १ जना पुरूष शिक्षकको व्यवस्था गरिएको छ ।

> यस समूहले आर्थिक स्तरिकरणका आधारमा कोषमा रकम उपलब्ध भएमा समुदायमा रहेका 'ग' श्रेणीका उपभोक्ता मध्येबाट कसले के गर्न चाहेको छ उसलाई ऋण स्वरूप रकम उपलब्ध गराउने व्यवस्था गरेको छ । ऋण लिएपछि ऋणको पैसाबाट आफूले चाहेको काम गर्न सदस्यहरू स्वतन्त्र छन्

### गरीबमुखी कार्यक्रम ल्याउनमा पल्लो पाखा सामुदायिक वन उपभोक्ता समूह

न्यायोचित वितरण प्रणालीलाई ख्याल गर्दै समुदायमा रहेका गरीब सदस्यहरूलाई वनबाट प्राप्त हुने फाइदालाई प्राथकिताकासाथ पुऱ्याउने काममा पनि समूह पहिलेदेखि नै सजग छ । समुदायमा व्याप्त

रहेको गरीबीलाई कसरी घटाउन सकिएला ? भन्ने बारेमा छलफल, अन्तरक्रिया गरी सबै घरधुरीहरूको वर्तमान आर्थिक स्थितिलाई विश्लेषण गरी सबै घरधुरीहरूलाई 'क', 'ख' र 'ग' गरी तीन श्रेणीमा वर्गीकरण गरिएको छ । यसरी यी तीन वर्गमा वर्गीकरण गर्नुका आधारहरूमा - ३ महिनासम्म खान पुग्ने र बाँकी भारी बोकेर अथवा मेलापात गरेर गुजारा चलाउँदै आएका घरधुरीहरूलाई 'ग' श्रेणीमा नामाकरण गरिएको छ जसमा ४९ घरधुरी परेका छन् । ६ महिना खान पुग्ने र बाँकी समय मेलापात, बाहिरबाट कमाएर गुजारा गर्नेमा 'ख' श्रेणी पर्दछन जसमा २२ घरधुरीहरू छन् । वर्षदिन खानपुग्ने, स्वदेश तथा विदेशमा जागिर भएको वर्गलाई 'क' श्रेणीमा राखिएको छ जसमा ११ घरधुरी छन् । यसरी घरधुरीलाई तीन श्रेणीमा विभाजन गर्नुको उद्देश्य के हो भने ऋण 'ग' श्रेणीका घरधुरीबाट शुरू गर्नु साथै कोषमा पैसा जम्मा हुनासाथ दुई हजारको दरले सबै घरधुरीलाई ऋण उपलब्ध गराउने निर्णय गरेको छ । 'ग' श्रेणीको पालो सकिएपछि 'ख' श्रेणी गर्दै क्रमशः 'क' श्रेणीमा पर्नेको पालो आउँछ । यसरी दिइएको ऋणमा दुई वर्ष पछि ५० पैसाको दरले व्याज लाग्ने व्यवस्था गरिएको छ । उक्त समूहका उपाध्यक्ष डिल्लीराम शर्मा भन्नुहुन्छ, "समूहको कोषमा पैसा जम्मा गरेर हाम्रो यति पैसा जम्मा भयो भनेर केही नहुने रहेछ । बरू महत्व त पैसा कसरी परिचालन हुन्छ, त्यसमा भर पर्ने कुरा रहेछ" । अहिले पल्लो पाखा सामुदायिक वन समूहले कोषमा भएको पैसा परिचालनका सम्बन्धमा एउटा राम्रो सोच ल्याएको छ । उहाँका अनुसार "समितिले यो गर ऊ गर भनेको भरमा गर्नुपर्ने बाध्यता छैन" ।

हाल आएर यस समूहले जिल्ला वन कार्यालयको गरिबी निवारण कार्यक्रमसंगको साझेदारीमा सो समूहमा ५ जनालाई ४ हजारको दरले ऋण दिइएको छ । जसमा दुई जनाले तरकारी खेती, १ जनाले चोया पोत्रो र २ जनाले केरा खेतीको काम गरिरहनु भएको छ । यो समूहभित्र अहिले छ वटा विभिन्न उप समिति गठन गरिएको छ । ऋण लिएका मानिसहरूले ऋणको राम्रो प्रयोग गरे नगरेको अनुगमन गर्ने र सबै घरधुरीहरू बैठकमा आउने नआउने देखि लिएर वन व्यवस्थापनका विविध पक्ष अनुगमन गर्ने गरेको छ ।

यसै सन्दर्भमा अनुगमन भनेको के हो भन्ने प्रश्नमा दिल्ली शर्मा यसरी बताउनुहुन्छ "रोपाइ गर्ने क्रममा गह्रा सम्याउदा सम्म भयो भएन भनी हामी अगाडि पछाडि हेर्दै गह्रा सम्याउछौं, यसरी फर्केर हेर्ने र सिक्दै जाने नै अनुगमन हो" । अनुगमन गर्नुपर्छ भन्ने विचार कसरी आयो भन्ने प्रश्नमा - वहाँ भन्नुहुन्छ "रेडिङ्ग विश्वविद्यालय र फरेष्टएक्सनले गरेको अनुगमन अनुसन्धानबाट यो कुरा थाहा भयो" । अनुगमनले समूहलाई के सहयोग पुऱ्याएको छ त भन्ने प्रश्नमा - "यसले हामीलाई कहिलेकाँही अलमल बनाउँछ तर हामीलाई निर्णयका पानाहरू पल्टाएर हेर्ने बानी पारेको छ । टोल वैठकबाट पनि कुन टोलमा के आवश्यक छ भन्ने टोलको प्रतिनिधिवाट थाहा हुने हुँदा निकै सकृयता बढेको छ" ।

यस समूहमा सबै सदस्यहरूको प्रोत्साहन बढाउन वर्षेनी पुरस्कार दिने व्यवस्था पनि छ । समूहको हिसाब किताब राम्रो राख्ने, समूहको संचार सम्बन्ध (बाहिर, भित्र) प्रभावकारी बनाउने, वन व्यवस्थापनमा राम्रो भूमिका खेल्ने, सांस्कृतिक कार्यक्रम हुँदा राम्रो प्रदर्शन गर्ने आदि जस्ता कृयाकलापहरूका लागि पुरस्कार एवं प्रोत्साहन दिने गरिएको छ ।

यसरी भएको स्रोतलाई कसरी राम्रो सदुपयोग गर्ने, कसरी नयाँ राम्रा कुरा सिक्दै जाने र आफ्नो समुदायलाई कसरी सबैमा चिनाउने भन्दै छलफल र अन्तरक्रिया गर्दा २०५७ सालमा यो सा.व.उ.स. ले वन व्यवस्थापनलाई प्रभावकारी बनाउन जिम्मेवारी, लगन र जाँगरका साथ कटिवद्ध भई १० वर्ष भित्रमा गणेशमान पुरस्कार पाउन सक्ने हुनुपर्छ भनी परिकल्पना गरेको थियो तर यस्तो सोच बनाई आगडि बढेको पहिलो वर्षमा नै सो पुरस्कार हात लागेको बताउनु हुन्छ उपाध्यक्ष डिल्ली शर्मा ।

बिस्तारै पल्लो पाखा सामुदायिक वन उपभेक्ता समूह पल्लो पाखा दुग्ध सहकारी संस्था खोल्ने अन्य सामूदायिक विकासका तरखरमा लागेको छ ।

(लेखक द्वय फरेष्टएक्सनमा कार्यरत हुनुहुन्छ ।)